# भारतीय राजदूतावास

# काठमाडौं

# प्रेस विज्ञप्ति

## कपिलवस्तुमा स्वास्थ्य चौकी भवनको शिलान्यास समारोह

नेपालको लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लाको विजयनगर गाउँपालिका-३ मा पत्थरदेईया स्वास्थ्य चौकी निर्माणको शिलान्यास आज विजयनगर गाउँपालिकाका अध्यक्ष श्री गोपाल बहादुर थापा मगर र भारतीय राजदूतावास, काठमाडौंका द्वितीय सचिव श्री गरिमा नौटियालले संयुक्त रुपमा गर्नुभयो ।

२. भारत सरकारको आर्थिक सहयोग करिब नेरु. १.७५ करोड लागतमा यो स्वास्थ्य चौकीको निर्माण हुँदैछ । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना कपिलवस्तुको विजयनगर गाउँपालिकामार्फत कार्यान्वयन गरिनेछ ।

३. विजयनगर गाउँपालिकाका अध्यक्ष तथा अन्य सरोकारवालाहरुले भारत सरकारद्वारा प्रदान गरिँदै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो र नयाँ संरचनाले विजयनगर गाउँपालिकामा स्वास्थ्य सेवाको पहुँचलाई थप सुदृढ बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

४. नजिकका छिमेकीको रुपमा भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहँदै आएको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार विकास गर्नुका साथै विकास र समृद्धिलाई अगाडि बढाउने नेपाल सरकारको प्रयासलाई सुदृढ पार्न भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

काठमाडौं

२०८३ वैशाख २४